# मिति २०७८।१०।२६ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१ :** नेपालगञ्ज उप-महानगरपालिकाको नवौं नगर सभाबाट चालू आ.व. २०७८।०७९ कालागि स्वीकृत संचार क्षेत्र प्रवर्द्धन कार्यक्रम (कोष, बुलेटिन, रेडियो, टेलिभिजन, सूचना समेत) माविनियोजित रकम रु १५,००,०००।- (पन्ध्र लाख) बाट देहाय बमोजिम प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनका लागी बजेट बाँडफाँड गरि देहायकाव्यक्ति, संघ, संस्थाहरु संग सम्झौतागरि कार्यादेश दिने निर्णय गरियो । साथै सम्झौतागर्दा सकेसम्म फरक-फरक क्षेत्रगत विषयका वारेमा प्रकाशन, प्रशारण गर्ने गरि आवश्यक व्यवस्थापनका लागीसञ्चार समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | क्रियाकलाप | रकम रु | कामगर्नकालागीजिम्मेवारी |
|---|---|---|---|
| १ | विगत ५ वर्षमा नेपालगञ्ज उप महानगरपालिका र वडा कार्यालयहरुबाट सामाजिक, आर्थिक, भौतिक विकासको प्रतिफल समेटिने गरी पुस्तकप्रकाशन | छ लाख | प्रधान सम्पादक श्री शंकर प्रसादखनाल, सम्पादकश्री नविनगिरी सम्पादक श्री गोविन्दशर्मा |
| २ | उप-महानगरको सवै विकास समेटिने गरी डकुमेन्ट्री तयार गर्ने | दुईलाखपचास हजार | रंगशाला नेपाल मिडिया प्रा.लि.ने.ग. लाई रु एकलाखपचास हजार र कार्यपालिका खवर वाणगंगगा, कपिलवस्तुलाई रु एकलाख । |
| ३ | नगर प्रमुख र उपप्रमुखज्यूको विशेष सक्रियतामा सम्पन्न विकासका प्रतिफल सम्बन्धी बेग्ला, बेग्लै पुस्तक प्रकाशन | एकलाखपचास हजार | प्रधान सम्पादक श्री शंकर प्रसादखनाल, सम्पादकश्री नविनगिरी सम्पादकश्री गोविन्दशर्मा |
| ४ | खोज पत्रकारितातालिम (५ दिने) सञ्चालन | दुई लाखपचास हजार | नेपाल पत्रकार महासंघ बाँके शाखा |
| ५ | पत्रकारिता पुरस्कार कोषकालागी सहयोग | बाउन्नहजार | पन्नालाल स्मृती राष्ट्रिय पत्रकारिताकोषमा रु ३१ हजार र रेशमविरही सृजनशिलपत्रकारिता पुरस्कार कोषमा रु २१ हजार |
| ६ | दशौं नगर सभाबाट स्वीकृत सञ्चार नीति सम्बन्धी अन्तर क्रियाकार्यक्रम | पचास हजार | प्रेस सल्लाहकार |
| ७ | शुभकामना, विज्ञापन समेत | एकलाख अड्चालिस हजार | विभिन्न सञ्चार माध्यमहरु आदि । |
| | **जम्मा** | **पन्ध्र लाखमात्र ।** | |

२ . नेपालगञ्जउप-महानगरपालिकाको नवौं नगर सभाबाट चालू आ.व. २०७८।०७९ कालागि स्वीकृत संचार क्षेत्र प्रवर्द्धन कार्यक्रम (कोष, बुलेटिन, रेडियो, टेलिभिजन, सूचना समेत) शिर्षकमामिति २०७८ माघ २ गते सम्पन्न दशौं नगर सभाबाट थप विनियोजित रकम रु १०,००,०००।- (दशलाख) बाट विभिन्न सञ्चार माध्यमहरुबाट उपमहानगरपालिकाका विभिन्न गतिवधिहरु प्रकाशन, प्रशारण गर्नकालागी यस कार्यालयमा पेश भएका देहाय बमोजिम प्रस्तावहरु स्वीकृत गरी सम्झौता सहित कार्यादेश दिने निर्णय गरियो ।

# मिति २०७८।१०।२६ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

तपसिल

| सि.नं. | क्रियाकलाप | रकम रु | कामगर्नकालागीजिम्मेवारी |
|---|---|---|---|
| १ | टेलिभिजन द्धारा प्रशारण गरिने कार्यक्रम | दुई लाख | जी नेपाल एचडी टेलिभिजन नेपालगञ्ज |
| २ | विभिन्नएफ.एम.बाट नगरपालिकाका गतिवधि झल्किने गरि पेश भएका रेडीयो कार्यक्रमहरु सम्बन्धी प्रस्ताव | दुईलाखचालिस हजार | ६ वटा एफएमहरु : वागेश्वरी, सद्भाव, रुवरु, कृष्णसार, भेरी र हातेमालो एफ.एम. नेपालगञ्ज । (४०हजारका दरले दिने) |
| ३ | पत्रपत्रिकाहरु मार्फत् प्रकाशनहुने विशेष नगर स्तम्भ, लेख रचना आदिप्रकाशन कार्य बापत प्रोत्साहन | दुईलाखअसीहजार | ७ वटा दैनिक पत्रपत्रिकाहरुबाट पेश भएका प्रस्तावहरु : प्रेस काउन्सिलको वगीकरण अनुसार 'क'श्रेणीमा वर्गीकृत दैनिक नेपालगञ्ज, कालपृष्ठ दैनिक, हाम्रो समाचार, सद्भाव रा.दैनिकलाई पैतालिस हजारका दरले, 'ख'श्रेणीमा वर्गीकृत लोकप्रिय सन्देशलाई चालिस हजारका दरले र अन्यपत्रिकाहरु सेतोखरी दैनिक, समाचार रेखा रा. दैनिक ( तिस हजारका दरले दिने) |
| ४ | उपमहानगरले गरेका सकारात्मक विकासका साथै लेख, रचना आदि गतिविधी प्रकाशनकार्य प्रोत्साहन | दुईलाखअसीहजार | विभिन्न २८ वटा अनलाईन खवरहरुमार्फत् ५ पटक लेख, रचनातथागतिविधि र जनसरोकारका सन्देशमूलक सूचना सम्प्रेषण गरि कार्यालयमा बुझाए बापत दशहजारका दरले भुक्तानी दिने । ) |
| | **जम्मा** | **दशलाखमात्र ।** | |

३. विभिन्न शुभकामना सन्देशहरु प्रकाशनगर्ने सञ्चार माध्यमहरुलाई देहायबमोजिम रकम माथि उल्लेखितनि.नं. १ (७) मातोकिएको शिर्षकबाट खर्च हुने गरि भुक्तानीदिने निर्णय गरियो ।

| सि.नं. | सञ्चार गृह | भुक्तानीदिनुपर्ने रु | प्रकाशनको विवरण |
|---|---|---|---|
| १ | रक्तिमयात्रा पुस्तक | पाँचहजार | वर्ष ४, अंक ११, २०७८ कार्तिकमा प्रकाशितउक्त पुस्तकमा विजयादशमी, तिहार, छठ, लगायतको शुभकामना विज्ञापन । |
| २ | लालआवाज साप्ताहिकपत्रिका | पाँचहजार | वर्ष ४, अंक १३, २०७८ कार्तिक ११ गते विहिवारमा प्रकाशित पत्रिकामा विजयादशमी, तिहार, छठ, लगायतको शुभकामना विज्ञापन । |
| ३ | दैनिक खवरी राष्ट्रिय दैनिक | दुई हजार | वर्ष ४, अंक ७८, २०७८ असोज २५ गते सोमवार प्रकाशित पत्रिकामा विजयादशमी, तिहार, छठ, लगायतको शुभकामना विज्ञापन । |
| ४ | युगदर्शन साप्ताहिक | दुई हजार पाँचसय | विजयादशमी, तिहार, छठ, लगायतको शुभकामना विज्ञापन । |
| ५ | दीपज्वाला राष्ट्रिय दैनिक | पाँचसय | वर्ष १३, अंक २९, २०७७फागुन २४ गते सोमवार प्रकाशितपत्रिकामा १११ औं अन्तराष्ट्रिय नारी |

# मिति २०७८।१०।२६ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

| | | | |
|---|---|---|---|
| | | | दिवसको उपलक्ष्यमा शुभकामना विज्ञापन । |
| ६ | सेतोखरी मिडिया प्रा.लि. | पाँचहजार | वर्ष १, अंक ३, २०७८ असोज २४ गते सोमवार प्रकाशित पत्रिकामा विजयादशमी, तिहार, छठ, लगायतको शुभकामना विज्ञापन । |
| ७ | गोरखा पत्र संस्थान | पचास हजार | |
| ८ | फुलरिया म्यागजिन ( थारु पत्रकार संघ) | दश हजार | |
| | **जम्मा** | **असी हजारमात्र ।** | |

**निर्णय नं.२** नेपालगञ्जउप-महानगरपालिका, नगर कार्यपालिका कार्यालय र शुभ स्वस्तिक ड्राईभिङ्ग स्कुलप्रा.लि. का बिच७० जनामोटर चालक र ६० जना अटो रिक्साचालक तालिम सञ्चालन सम्बन्धीमिति २०७८।०९।१६गते सम्झौताभई ७० जनालाई उक्त संस्थाद्धारा हालमोटर चालक तालिम सञ्चालन गरिरहेको छ । साथै मोटर चालक तालिम लिनका लागी थप व्यक्तिहरु ईच्छुक भई दिनहुँ यस कार्यालयमा आउने गरेका छन् । अर्कोतिर अटो रिक्सा चालक तालिममा सहभागी संख्या नभएकोले सञ्चालनहुन सकिरहेको छैन् । अत:अटो रिक्सातालिम रद्ध गरि उक्ततालिम सञ्चालनका लागी सम्झौता भएको बजेटको परिधीभित्र रहीमोटर चालक तालिमका लागीस्वीकृत भएको दररेटभित्र पर्ने गरि ४१ (एकचालिस) जनालाई मोटर चालक तालिम सोहीसंस्था मार्फत् गर्ने साथै लक्षितवर्गको सहभागीताको लागी७ (सात) दिने सूचना प्रकाशनगरि नामावली संकलनगर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त वातावरण तथा बाल अधिकार संरक्षण केन्द्र,नेपाल ( ENPROC)को मिति २०७८।०४।१५ मा पेश भएको पत्रअनुसार वातावरण तथा बाल अधिकार संरक्षण केन्द्र,नेपाल का अध्यक्ष श्री तेज बिक्रम शाह महाकाली देखी मेची सम्मको साइकल यात्रा गर्न नेपालगंज उप-महानगरपालिकाको आर्थीक सहयोग माग भई आएकोले रु ५०,०००।-(पचास हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.४ :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त राष्ट्रिय जनमोर्चा लुम्बिनी प्रदेश कार्यालयको प्रदेश स्तरिय सम्मेलनको लागी मिति २०७८।१०।०७ मा पेश भएको पत्रअनुसार आर्थीक सहयोग माग सम्बन्धमा रु.२५,०००।- (अक्षेरुपी पच्चीस हजार) मात्र राष्ट्रिय जनमोर्चा लुम्बिनी प्रदेश कार्यालय लाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५ :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त वैज्ञानिक समाजबादी कम्युनिस्ट पार्टी नेपाल केन्द्रीय समितिको मिति २०७८।०८।५ मा प्राप्त पत्र अनुसार राष्ट्रिय भेला संचालनार्थ आर्थीक सहयोग माग सम्बन्धमा रु.५,०००।-(अक्षेरुपी पाँच हजार) मात्र वैज्ञानिक समाजबादी कम्युनिस्ट पार्टी नेपाललाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.६ :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल जिल्ला कार्य समिति,बाँकेको मिति २०७८।१०।२५ मा प्राप्त पत्र अनुसार आम सभा संचालनार्थ आर्थीक सहयोग माग सम्बन्धमा रु.१,००,०००।-(अक्षेरुपी एक लाख) मात्र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाललाई उपलब्ध गराउने निर्णय गरियो ।

# मिति २०७८।१०।२६ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.७ :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त नेपाल परिवार नियोजन संघ बाँकेको मिति २०७८।१०।११ मा प्राप्त पत्र अनुसार नेपाल परिवार नियोजन संघ हाता भित्र माटो पटानको लागि रु.२,००,०००।-(अक्षेरुपी दुइ लाख) मात्र नेपाल परिवार नियोजन संघ बाँकलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.८ :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त जटिल मिडिया प्रा.लि बाँकेको मिति २०७८।१०।२४ मा प्राप्त पत्र अनुसार जटिल मिडिया प्रा.लिले संचालन गर्ने जनप्रतिनिधिका ४ वर्ष जनताको आवाज कार्यक्रम संचालनको लागि रु.२,५०,०००।-(अक्षेरुपी दुइ लाख पचास हजार ) मात्र जटिल मिडिया प्रा.लि बाँकेलाई उपलब्ध गराउने निर्णय गरियो

**निर्णय नं.९ :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त फातिमा फाउण्डेसन नेपाल बाँकेको मिति २०७८।१०।०५ गते प्राप्त पत्र अनुसार फातिमा फाउण्डेसन नेपाल हाता भित्र माटो पटानको लागि प्राविधिक लागन अनुमान अनुसार रकम फातिमा फाउण्डेसन नेपाल बाँकेलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१० :** यस उप-महानगरपालिकाको फोहर व्यवस्थापनलाइ प्रभावकारी रुपमा कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने आसयका साथ फोहर व्यवस्थापनमा राम्रो र प्रभावकारी योजनाका साथ अगाडी रहेको धरान उप-महानगरपालिकामा यस उप-महानगरपालिकाको उप-प्रमुखको संयोजकमा एक अध्ययन टोली अध्ययन अवलोकनको लागि धरान उप-महानगरपालिका जाने र प्रतिवेदन सहित अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.११ :** यस नेपालगंज उप-महानगरपालिका वडा नं. २० स्थित नयाँ बस्ती जवनापुर र सानो नेपाल आलानगर मा झोलुङ्गेपुल निर्माणको लागि यस उप महानगरपालिका र कमस नयाबस्ती गन्नापुर झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति र सानो नेपाल आलानगर पुल निर्माण उपभोक्ता समिति संग सम्झौता भई कार्यान्वयन भईरहेको मा नेपालगज उप-महानगरपालिका २० नं वडा कार्यालयको प.स. ०७८।०७९ च.न. २०६३ र च.न. २०६४ मिति २०७८।१०।२६ को पत्र अनुसार विभिन्न कारणले पुल निर्माण सम्झौता अवधि २०७८ माघ समान्त सम्म सम्पन्न गरि नसकेको र २०६९ असाढ मसान्त स्म्म म्याद थपको लागि सिफारिस प्राप्त भएको हुदा उक्त झो.पु को निर्माण कार्यको लागि सानो नेपाल आलानगर पुल निर्माण उपभोक्ता समिति र नयाँ बस्ती गन्नापुर झोलुङ्गपुल निर्माण उपभोक्त समिति संगको सम्झौता अवधी ३ महिना म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ :** यस उप-महानगरपालिका क्षेत्र भित्र वडाहरुमा नगरपालिका तालुक बहाल विटौरी तथा वैलगती जग्गा रहेकोमा सोही जग्गामा घर बनाई बसी आईरहेको जग्गा धनिहरुले हाल नयाँ नापीबाट हाल साविक गराई प्रमाणपुर्जा पाईसकेको र साविकको जग्गा र हालको प्रमाण अनुसार घटीबढी भएको अबस्था रहेको हुँदा उल्लेखीत जग्गाहरुमा बनिसकेका घरहरुको भुईतलामा हालको क्षेत्रफल अनुसार घर रहेको र सो भन्दा माथी बढी रहेको घरहरुको साईटप्लानमा देखाई जे. जो अबस्थामा रहेको घरको नगर सभाको निर्णय अनुसार दस्तुर लिई नक्सा प्रमाणीत (प्रमाणीकरण) गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ :** यस उप-महानगरपालिका क्षेत्र भित्र साविकको कित्ता क्षेत्रफलमा नक्सा पास भै कित्ताकाट भएको अवस्थामा, कायम भएको कित्ता बमोजिम नामसारि दस्तुर तथा संसोधन दस्तुर लिई

# मिति २०७८।१०।२६ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

प्रमाणीकरण गर्ने र तल्ला थप गर्नुपर्नेभएमा पास भै सकेको घरको नियमानुसार नामसारि दस्तुर तथा संसोधन दस्तुर नक्शा पास दस्तुर समेत लिई कायम भएको कित्तामा १ (एक) तला थप गर्न स्वीकृती दिने र साविकमा घर निर्माण भई नक्सा पास/प्रमाणित नभएको र कित्ताकाट भएको अवस्थामा कित्ताकाट भएको बमोजिम नक्सा प्रमाणित दस्तुर लिई प्रमणीकरण गर्ने र तला थप गर्ने अवस्थामा सोही बमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४** : यस उप–महानगरपालिकाको घ वर्गको निर्माण ब्यवसायी इजाजत सम्बन्धि कार्यविधि,२०७५ बमोजिम घ वर्गको इजाजतपत्रका लागि विभिन्न मितिमा यस यस उप–महानगरपालिकामा निवेदन पेश गरेकोमा कार्यविधि बमोजिम योग्यता पुगेका तपसिलका ब्यवसायीहरुलाई घ वर्गको इजाजतपत्र दिने निर्णय गरियो ।

**निर्णय नं.१५** यस उप–महानगरपालिकाको स्वीकृति नलिई अनाधिकृत रुपमा विभिन्न स्थानहरुमा डिजिटल बार्डहरु लगाएको पाईएकोले सो डिजिटल बोर्ड लगाउने अनुमति लिनको लागि यस उप–महानगरपालिकालाई बुझाउनुपर्ने कर बुझाई ७(सात) दिनभित्र आउन सम्बन्धित डिजिटल बार्ड लगाएकाहरुलाई पत्राचार गर्ने निर्णय गरियो । सो मिति भित्र यस उप–महानगरपालिकामा कर नबुझाई अनुमति नलिएको खण्डमा नगर प्रहरी परिचालन गरि हटाउन लगाउने निर्णय गरियो ।

**निर्णय नं.१६** यस उप–महानगरपालिकाको वडा नं. १८ मा कार्यरत मुखिया श्री शारदा वर्माको घाटीमा क्यान्सर रोगको अप्रेशन भइ कार्यालय उपस्थिति हुन नसकेको भनि निवेदन पेश भई आएकोले विषेश परिस्थितिको यो अवस्थामा माग भइ आएबामोजिम २ महिना पुष र माघ महिना विदा उपलब्ध गराउन निर्णय गरियो ।

**निर्णय नं.१७** यस नेपालगज उप–महानगरपालिकाको नगर कार्यपालिकाको बोर्ड बैठकमा पेश भएको लैङ्गिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधी,२०७८ र जेष्ठ नागरिक क्लब तथा सञ्जाल गठन सम्वन्धी कार्यविधि,२०७८ विधायन समितिमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८** यस नेपालगज उप–महानगरपालिका वडा नं. २१ र २२ मा अवस्थीत कान्ति तालमा पर्यटकीय स्थल निर्माण र सौन्दर्यकरणको लागी पर्यटन मन्त्रालयसग बजेट माग गर्नको लागि २२ नं. वडा अध्यक्ष्यको संयोजकमा ३ सदस्य टोली डेलीकेसको लागि मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.१९** यस नेपालगज उप–महानगरपालिका भित्र भएको धान बाली क्षती विवरण संकलनको लागि संघिय सरकारबाट माग भइआएको विवरण संकलन गर्न थप समय आवश्यक देखिएकोले धान बाली क्षती विवरण संकलनको लागि एक हप्ता समय थप गर्ने निर्णय गरियो ।

# मिति २०७८।१०।२६ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

निर्णय नं.२० यस नेपालगज उप–महानगरपालिकामा मिति २०७८।१०।०५ गते प्रेम कुमारी पुनले दिनुभएको निवेदन अनुसार यस नगर कार्यपालिकाको मिति २०७८।०६।११ गतेको निर्णय अनुरुप विस्थापित परिवारको लागि व्यवस्थापनमा छुट्याइएको नेपालगज उप-महानगरपालिका वडा न. २ सिग्नेट होटेल पछाडीको एलानी जग्गाको भोगचलनको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.२१ नेपालगंज उपमहानगरपालिकाको वडा नं. ६ मा रहेको फुलटेक्रा तलाउमा क्रिकेट स्टेडियम निर्माण कार्यका लागी यस उपमहानगरपालिकाबाट क्रिकेट स्टेडियमको DPRतयार भइसकेको र क्रिकेट स्टेडियम निर्माण कार्यको लागी माटोपटान र बाउण्डरी बाल निर्माणको लागी ठेक्का सम्झौता भई निर्माणको चरणमा रहदा उक्त निर्माण कार्यलाई रोक्का गर्न भनी सम्मानीत उच्च अदालत तुल्सीपुर नेपालगंज इजलासको आदेश बमोजिम नगरपालिकाको मिति २०७८।०८।२७. को निर्णय बमोजिम सार्बजनिक सुबिस्ताको आधारमा ठेक्का रद्द गरिएको र सो स्थान नेपाल सरकारको नाममा दर्ता भई सरकारी जग्गा रहेको र उक्त सरकारी जग्गामा सार्वजनिक प्रयोजनको लागी कुनै संरचना बनाउन उपयुक्त देखिएमा नेपाल सरकारबाट निर्णय भएको हुनुपर्ने र सो निर्णयका लागी पूर्व निर्णय बमोजिमका संरचना निर्माण गर्नका लागी कार्य योजना सहितका सम्पूर्ण कागजात नेपाल सरकार सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्रस्ताब पेश गर्न भनी सम्मानीत उच्च अदालत, नेपालगंज, तुल्सीपुर इजलासले नेपालगंज उपमहानगरपालिकाको नाँउमा परमादेश जारी भएकाले सम्मानीत अदालतको आदेश बमोजिम कार्ययोजना सहितका सम्पूर्ण कागजात तयार गरी सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रस्तावका लागी पत्राचार गर्ने निर्णय गरियो ।